**नेपाल राष्ट्र बैंक**
**नेपालगन्ज कार्यालय**

# तोडा चलान (Fund Transfer) का लागि हवाईजहाज भाडामा लिनेबारे पुनः सिलबन्दी बोलपत्र आव्हानको सूचना

**(प्रथमपटक प्रकाशित मिति : २०७५।०४।१४)**
**(दोस्रोपटक प्रकाशित मिति : २०७५।०५।१४)**

नेपाल राष्ट्र बैंक, नेपालगन्ज कार्यालयबाट जुम्ला, मुगु, हुम्ला र डोल्पा जिल्लास्थित वाणिज्य बैंकमा रहेका नोटकोषहरूमा आ.व. २०७५/७६ मा तोडाचलान (Fund Transfer) गर्ने कार्यका लागि हवाईजहाज भाडामा लिनुपर्ने भएकाले बैंकले तोकेका जिल्लाहरूमा हवाईजहाज भाडामा दिन इच्छुक एयरलाइन्स/कम्पनीहरूलाई यो सूचना प्रकाशित भएको मितिले १६औं दिनभित्र यस कार्यालयमा आइपुग्ने गरी सिलबन्दी बोलपत्र (Sealed Tender) आव्हान गरिन्छ ।

१ हवाईजहाज भाडाका लागि बोलपत्र फाराम दोसोपटक सूचना प्रकाशित भएको मितिले १५ दिनसम्म दिनको ५.०० बजेभित्र नेपाल राष्ट्र बैंक, नेपालगञ्ज कार्यालय, नेपालगञ्जबाट र को.ले.नि. कार्यालय, नेपालगञ्जबाट रु.३,०००।- (रु. तीन हजार मात्र), (पछि फिर्ता नहुने) तिरी खरिद गर्न सकिनेछ ।

२ दोस्रोपटक सूचना प्रकाशित भएको मितिले १६औं दिनको (सो दिन बिदा परे कार्यालय खोलेको पहिलो दिन) अपरान्ह १२.०० बजेभित्र नेपाल राष्ट्र बैंक, नेपालगञ्ज कार्यालय, नेपालगञ्जमा बोलपत्र दाखिला गरिसक्नु पर्नेछ, पेश भएका बोलपत्र सोही दिन दिनको १२:३० बजे बोलपत्रदाता वा निजको प्रतिनिधिको उपस्थितिमा (उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा नपर्ने) नेपाल राष्ट्र बैंक, नेपालगञ्ज कार्यालय, नेपालगञ्जमा खोलिनेछ ।

३. बोलपत्र पेश गर्दा बोलपत्रदाताले विड वण्डबापतको रकम रु.१,२०,०००।०० (रु. एक लाख बीस हजार मात्र) नेपाल राष्ट्र बैंक, नेपालगञ्ज कार्यालयको सन्ड्री क्रेडिटर्स हिसाब २१० ९९९९/०११/००२/५२४ मा जम्मा गरेको सक्कलै भौचर संलग्न गर्नु पर्नेछ वा सो रकम बराबरको यस बैंकलाई मान्य हुने बैंकको बैंक जमानत पेश गर्नु पर्नेछ ।

४. बोलपत्रसम्बन्धी अन्य शर्तहरू बोलपत्र फाराममा उल्लेख भएबमोजिम हुनेछ र यस सम्बन्धमा थप जानकारी चाहिएमा नेपाल राष्ट्र बैंक, नेपालगञ्ज कार्यालयको आन्तरिक प्रशासन फाँट (फोनः०८१ ५२०३२६) मा कार्यालय समयभित्र सम्पर्क गर्न सकिने छ ।

५. यो सूचना बैंकको वेबसाइट www.nrb.org.np मा समेत प्रकाशन गरिएको छ ।

**निर्देशक**